*सम्मानित गाउँसभाका सभाध्यक्ष ज्यू,*

*गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी ज्यूहरु लगायत दोस्रो गाउँसभा, अठारौं अधिवेशन (हिउँदे गाउँसभा)मा उपस्थित महानुभाव ज्यूहरु ।*

सत्रौं गाउँसभमा उपस्थित हुनुभएका सम्पूर्णमा हार्दिक अभिवादन र स्वागत व्यक्त गर्दै म चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक (नौ महिना) अवधिको वजेट तथा यस अवधिमा भएको आम्दानी तथा खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०८२/८३ मा शुरु बजेट ५३ करोड ९ लाख ४ हजार रहेकोमा यस अवधिमा उपर्युक्त बजेटको ६९ दशमलव ९६ प्रतिशत अर्थात ३५ करोड ४ लाख ७१ हजार आम्दानी भएको छ ।

प्राप्त आम्दानी मध्ये संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको अंश ७२ प्रतिशत रहेको छ । त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरणको अंश ७ दशमलव २५ प्रतिशत रहेको छ । त्यस्तै संघीय सरकार राजश्व बाँडफाँटको अंश १४ दशमलव ५५ प्रतिशत, प्रदेश राजश्व बाँडफाँट शुन्य दशमलव ९ प्रतिशत, आन्तरिक राजश्वको अंश १ दशमलव १२ प्रतिशत रहेको छ । स्मरण रहोस् चालु आर्थिक वर्षमा आन्तरिक राजश्वको अनुमान ८० लाख अनुमान गरिएकोमा समीक्षा अवधिमा यसको ४९ दशमलव १९ प्रतिशत अर्थात ३९ लाख ३५ हजार २ सय ९ रुपैंया राजस्व संकलन भएको छ । गत आवको बैंक मौज्दातको अंश ७ प्रतिशत अर्थात २ करोड ४५ लाख अ.ल्या. रहेको छ ।

हाल सम्म संघीय सरकारबाट कुल बजेटको ६८ प्रतिशत वित्तीय हस्तान्तरण अनुदान प्राप्त भइसकेको छ । यस अन्तर्गत संघीय समानीकरण, सशर्त चालु र पुँजिगत र विशेष अनुदान रहेका छन। त्यस्तै प्रदेश सरकारबाट कुल बजेटको ५० प्रतिशत वित्तीय हस्तारण आम्दानी भइसकेको छ । यस अन्तर्गत प्रदेश समानीकरण, सशर्त चालु र पुँजिगत र समपूरक अनुदान रहेका छन । त्यस्तै बाँडफाँटबाट प्राप्त संघीय राजश्व बाँडफाँटको ५८ दशमलव ७८ प्रतिशत आम्दानी प्राप्त भएको छ । प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट अर्थात सवारी साधन कर कुल बजेटको ५३ दशमलव ५५ प्रतिशत प्राप्त भएको छ ।

सभाध्यक्ष महोदय,

अव म चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक सम्मको खर्चको प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।

हालसम्म कुल स्वीकृत बार्षिक बजेटको ४० दशमलव ३९ प्रतिशत रकम अर्थात २१ करोड ४४ लाख ८४ हजार २८७ रुपैयाँ खर्च भएको छ । गत आवको यही अवधिमा कुल खर्च ३६ दशमलव ८७ प्रतिशत रहेको थियो ।

चालु आर्थिक वर्षमा कुल चालु खर्च बजेट ३९ करोड ३५ लाख ६४ हजार ४ सय रहेकोमा समीक्षा अविधमा त्यसको ५१ दशमवल ५१ प्रतिशित अर्थात २० करोड २७ लाख ८ हजार ८ सय ५९ रुपैयाँ खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा कुल चालु खर्च ४२ दशमलव ७५ प्रतिशत रहेको थियो ।

त्यस्तै कुल पुँजिगत बजेट १३ करोड ७३ लाख ३९ हजार ६ सय रहेकोमा समीक्षा अवधिमा ८ दशमलव ५७ प्रतिशत अर्थात १ करोड १७ लाख ७५ हजार ४ सय २८ रुपैयाँ पुँजीगत खर्च भएको छ । गत आर्थिक बर्षको सोही अवधिमा कुल पुँजिगत खर्च २० दशमलव ८७ प्रतिशत रहेको थियो ।
यस पछि म चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमको क्षेत्रगत बजेट तथा खर्चको प्रगित विवरण प्रस्तुत गर्न चाहन्छु ।

चालु आर्थिक वर्षमा आर्थिक विकासको क्षेत्रमा विनियोजित कुल बजेट ३ करोड ७१ लाख ५४ हजार ६ रहेकोमा समीक्षा अविधमा ९ दशमलव ११ प्रतिशत खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा २५ दशमलव ७४ प्रतिशत खर्च रहेको थियो । त्यस्तै सामाजिक विकास तर्फ विनियोजित बजेट रकम ३४ करोड ९६ लाख २४ हजार रहेकोमा समीक्षा अविधमा ४४ दशमलव ७३ प्रतिशत रकम खर्च भएको छ । गत आर्थिक वर्षको सोही अविधमा ३८ दशमलव ८८ प्रतिशत खर्च रहेको थियो ।

त्यस्तै गरी पूर्वाधार विकासमा चालु आर्थिक वर्षमा विनियोजित बजेट रकम ४ करोड ५६ लाख ९५ हजार रहेकोमा समीक्षा अविधमा ११ दशमलव ९४ प्रतिशत खर्च भएको छ । गत आर्थिक वर्षको सोही अविधमा २० दशमलव २७ प्रतिशत खर्च भएको थियो ।

त्यस्तै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा चालु आर्थिक वर्षमा विनियोजित बजेट रकम ४९ लाख ५० हजार रहेकोमा २७ दशमलव ६१ प्रतितश खर्च भएको छ । गत आर्थिक वर्षको सोही अविधमा २६ दशमलव ३१ प्रतिशत खर्च भएको थियो । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा विनियोजित बजेट रकम ९ करोड ३४ लाख ८० हजार ४ सय रहेकोमा समीक्षा अविधमा ५१ दशमलव २२ प्रतिशत खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा ४८ दशमलव ८८ प्रतिशत खर्च भएको थियो ।

*सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु*
अब म यस सम्मानित गाउँसभामा गत आ.व.को बैंक मौज्दातबाट केही कार्यक्रम थप गर्ने प्रस्ताव प्रस्तुत गर्न गइरहेको छु ।

गत आर्थिक वर्षको बैंक मौज्दात रकम रु. ४८,५७,७६०/४२ (अक्षरेपी अठ्चाली लाख सन्तावन्न हजार सात सय ६० रुपैयाँ पैसा बयालीस) बाट निम्न केही कार्यक्रम/क्रियाकलापहरु थपको प्रस्ताव सम्मानित सभासमक्ष प्रस्ताव राख्न चाहन्छु ।

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | स्रोत | विनियोजित रकम |
|---|---|---|---|
| १. | सडक बोर्डसँगको साझेदारी | आन्तरिक स्रोत | ५००००० |
| २. | जिल्लास्तरिय राष्ट्रपति आयोजना | आन्तरिक स्रोत | ५००००० |
| ३. | पालिकास्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता अपुग | आन्तरिक स्रोत | ४६१००० |
| ४. | स्वयंसेवक शिक्षक व्यवस्थापन | आन्तरिक स्रोत | २६०००० |
| ५. | स्थानीय पाठ्यक्रम लेखन निर्माण | आन्तरिक स्रोत | ५५५००० |
| ६. | जिल्लास्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सहभागी खर्च | आन्तरिक स्रोत | ३००००० |
| ७. | शैक्षिक क्यालेन्डर | आन्तरिक स्रोत | ५०००० |
| ८. | केत्तुके स्वास्थ्य चौकी भवन निर्माण | आन्तरिक स्रोत | ४८१००० |
| ९. | अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम | आन्तरिक स्रोत | ४७१००० |
| १०. | प्रशासकीय भवन फर्निचर | आन्तरिक स्रोत | २२९७६० |
| ११. | झोलुङ्गे पुल निर्माण | आन्तरिक स्रोत | ८००००० |
| १२. | कुवाखर्क मोटर खरिद | आन्तरिक स्रोत | २५०००० |
| | **जम्मा** | | **४८,५७,७६०।४२** |

सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु!

अब म चालु आर्थिक वर्षमा गाउँपालिकास्तरीय/शाखागत/क्षेत्रगत गरी कुल रु.२,७४,३०,२४४/- (दुई करोड चौरहत्तर लाख तीस हजार दुई सय चवालीस) तथा वडागत कुल रु.१,०१,८०,०००/- (एक करोड एक लाख असी हजार) गरी कुल जम्मा रु. ३,७६,१०,२४४/- (तीन करोड चौरहत्तर लाख दश हजार दुई सय चवालीस) र संघीय सरकार विशेष अनुदानको रु.८,००,०००/ (आठ लाख) का अनुसूचि-१ र अनुसूचि-२ मा उल्लिखित केही संशोधन तथा थप कार्यक्रम/क्रियाकलापहरुको प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

---

संशोधन तथा थप कार्यक्रम/क्रियाकलापहरुको प्रस्ताव :

**(अनुसूचि-१)**

**(अनुसूचि-२)**

धन्यवाद ।

आश्रचन राई

उपाध्यक्ष

मितिः २०८२/१२/२७